आज मिति २०८१ साल असार महिना १० गते सोमबारको दिन यस रामग्राम नगरपालिकाको १४ औं (चौधौं) नगर सभा रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादवज्यूको सभाध्यक्षतामा तथा तपसिलका महानुभावहरुको उपस्थिति रहयो ।

| हस्ताक्षर | क.स. | नाम थर | पद |
|---|---|---|---|
| | १ | श्री धनपत यादव | सभाध्यक्ष एवं नगर प्रमुख |
| | २ | श्री संझना चौधरी | नगर उपप्रमुख |
| | ३ | श्री यम बहादुर कुंवर | सचिव एवं प्रमुख प्रशासकीय अधिकृत |
| | ४ | रुद्र प्रकाश उपाध्याय | १ नं. वडा अध्यक्ष |
| | ५ | निरज रौनियार | २ नं. वडा अध्यक्ष |
| | ६ | उज्जवल न्यौपाने | ३ नं. वडा अध्यक्ष |
| | ७ | मदन यादव | ४ नं. वडा अध्यक्ष |
| | ८ | रामवृक्ष यादव | ५ नं. वडा अध्यक्ष |
| | ९ | विद्या सागर त्रिपाठी | ६ नं. वडा अध्यक्ष |
| | १० | रविन्द्र यादव | ७ नं. वडा अध्यक्ष |
| | ११ | महेन्द्र प्रसाद नाउ (ठाकुर) | ८ नं. वडा अध्यक्ष |
| | १२ | भोज नारायण यादव | ९ नं. वडा अध्यक्ष |
| | १३ | सुरेश यादव | १० नं. वडा अध्यक्ष |
| | १४ | धनि राम यादव | ११ नं. वडा अध्यक्ष |
| | १५ | लोक बहादुर चौधरी | १२ नं. वडा अध्यक्ष |
| | १६ | असनारायण प्रसाद चौधरी | १३ नं. वडा अध्यक्ष |
| | १७ | ओम प्रकाश यादव | १४ नं. वडा अध्यक्ष |
| | १८ | धनपत यादव | १५ नं. वडा अध्यक्ष |
| | १९ | बिजय कुमार यादव | १६ नं. वडा अध्यक्ष |
| | २० | कन्है प्रसाद कोईरी | १७ नं. वडा अध्यक्ष |
| | २१ | गोपाल डिस्वा मगर | १८ नं. वडा अध्यक्ष |
| | २२ | बच्ची कहार | कार्यपालिका सदस्य, रामग्राम नगरपालिका |
| | २३ | भगवती कुमारी चौधरी | कार्यपालिका सदस्य, रामग्राम नगरपालिका |

| | | | |
|---|---|---|---|
| | २४ | सिमिर्ती देवी कुर्मी | कार्यपालिका सदस्य, रामग्राम नगरपालिका |
| | २५ | सिता मइया चौधरी | कार्यपालिका सदस्य, रामग्राम नगरपालिका |
| | २६ | नानु कुमारी थापा खड्का | कार्यपालिका सदस्य, रामग्राम नगरपालिका |
| | २७ | सुरेश पासवान | कार्यपालिका सदस्य, रामग्राम नगरपालिका |
| | २८ | अमृत सिंह जि सि | कार्यपालिका सदस्य, रामग्राम नगरपालिका |
| | २९ | कमलेश्वर ठाकुर | कार्यपालिका सदस्य, रामग्राम नगरपालिका |
| | ३० | तारा देवी चौधरी | १ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३१ | कमली हरिजन | १ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३२ | बिजय कुमार यादव | १ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३३ | सफिकुन नेसा कुरेशी | २ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३४ | बाला हरिजन | २ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३५ | जय बिजय गुप्ता | २ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३६ | शैलेश प्रसाद यादव | २ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३७ | सन्तोषी धरिकार | ३ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३८ | बुन्नालाल गुप्ता | ३ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ३९ | बरक तुल्लाह मियाँ | ३ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४० | गंगा लक्ष्मी हरिजन | ४ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४१ | शिव प्रसाद कोहार | ४ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४२ | प्रभु लाल मौर्य | ४ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४३ | हरि प्रसाद शर्मा | ५ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४४ | अमरावती देवी चमाइन | ५ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४५ | सरोज क्षेत्री | ५ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४६ | राजमती केवट | ६ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४७ | फेकनी चमाइन | ६ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ४८ | सुर्य प्रकाश केवट | ६ नं. वडा सदस्य, रामग्राम नगरपालिका |

CamScanner

| | | | |
|---|---|---|---|
| | ४९ | सन्तोष बनिया | ६ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| भागमती | ५० | भागमति देवि थारु | ७ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| पार्वती | ५१ | पार्वती लोहार | ७ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ५२ | मुन्द्रिका नेटुवा राठौर | ७ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ५३ | जगवन्त लाल कोइरी | ७ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ५४ | झ्यान्ती देवी केवट | ८ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| निर्मला | ५५ | निर्मला देवी चमार | ८ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ५६ | मदन प्रसाद कुर्मी | ८ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ५७ | रामानन्द केवट | ८ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| अमरावती | ५८ | अमरावती पासी | ९ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ५९ | भकसरी कहार | ९ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| मिरा | ६० | मिरा देवी थरुनी | ९ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| उषा | ६१ | उषा कुमारी चौधरी | १० नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ६२ | चन्द्र धामा रैदास | १० नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ६३ | ज्ञान सिह चौधरी | १० नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ६४ | सिकन्दर तेली गुप्ता | १० नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| मन्जु | ६५ | मंजु देवी हरिजन | ११ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ६६ | विष्णु प्रसाद राय | ११ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ६७ | तुलसी प्रसाद चौधरी | ११ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| दशमा | ६८ | दशमा देवी थारु | १२ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| ममता | ६९ | ममता कुमारी हरिजन | १२ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ७० | सुबेश यादव | १२ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ७१ | पशुपती प्रसाद कोइरी | १२ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| अनिता | ७२ | अनिता कुमारी गुप्ता तेली | १३ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ७३ | विन्दा कुमारी हरिजन | १३ नं. वडा सदस्य, रामग्राम नगरपालिका |

CamScanner

| | | | |
|---|---|---|---|
| | ७४ | अवधराज यादव | १३ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ७५ | गैसुदिन धुनिया | १३ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ७६ | ममता वि. क. | १४ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ७७ | परसुराम यादव | १४ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ७८ | कुन्ज विहारी चौधरी | १४ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ७९ | पौरिखा यादव अहिर | १५ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८० | अमरावती वि.क | १५ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८१ | जितन थारु | १५ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८२ | मोलहु आरख | १५ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८३ | केश पती थारु | १६ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८४ | कमलावती देवी हरिजन | १६ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८५ | संजय कुमार साहनी | १६ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८६ | दिपक वहादुर चौधरी थारु | १६ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८७ | सोना देवी केवट | १७ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८८ | नरवदी चमार | १७ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ८९ | हरि नन्द चौधरी | १७ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ९० | पुन्नु अहिर | १७ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ९१ | दिपमाला चौधरी | १८ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ९२ | सोनमती हरिजन | १८ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ९३ | त्रिवेणी प्रसाद चौधरी | १८ नं. वडा सदस्य, रामग्राम नगरपालिका |
| | ९४ | नारायण बस्याल | १८ नं. वडा सदस्य, रामग्राम नगरपालिका |

## रामग्राम नगरपालिकाको चौथौं नगर सभाबाट भएका/गरिएका निर्णयहरु वेहाय बमोजिम रहेका छन् ।

**निर्णय नं.१:**

रामग्राम नगरपालिकाको आर्थिक वर्ष २०८० ०८१ को असार सम्मको संसोधित आय र व्ययको अनुसूची १ बमोजिमको विवरण अनुमोदन सहित सर्वसम्मतले पारित गरियो ।

**निर्णय नं.२:**

रामग्राम नगरपालिकाको आ.व. २०८१/०८२ को राजश्व तथा अनुदान प्राप्तीको अनुमान अनुसूची २ मा उल्लेख भए बमोजिम सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.३:**

आर्थिक वर्ष २०८१/०८२ को लागि नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयहरुको अनुमानित चालु खर्च अनुसूची ३ मा उल्लेख भए बमोजिम सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.४ :**

रामग्राम नगरपालिकाको आ.व. २०८१ ०८२ को नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयहरुको अनुमानित पूजिगत खर्च अनुसूची ४ मा उल्लेख भएबमोजिम मसर्वसम्मत पारित गरियो ।

**निर्णय नं.५ :**

रामग्राम नगरपालिकाको आ.व. २०८१/०८२ मा सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको बार्षिक कार्यक्रम तथा बजेट अनुसूची ५ मा उल्लेख भए बमोजिम सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.६:**

आ.व. २०८०।०८१ मा हाल सम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको प्राविधिक प्रतिवेदन र मुल्यांकनका आधारमा नगरकार्यपालिका कार्यालयबाट भएको अनुगमन प्रतिवेदन जांचपास तथा फरफारकलाई अनुमोदन गर्दै सर्वसम्मतपारित गरियो ।

**निर्णय नं.७ :**

नगर कार्यपालिकाका विभिन्न विषयगत समिति, जाँचपास तथा फरफारक समिति, अनुगमन तथा सुपरिवेक्षण समिति, उपसमितिका विभिन्न प्रतिवेदन तथा विभिन्न मितिमा कार्यालयबाट भए गरेका निर्णयहरु अनुमोदन गर्दै सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.८ :**

रामग्राम नगरकार्यपालिकाको २०८० असाढ १० देखि २०८१ असाढ ०९ गते सम्म भएका विभिन्न कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन गर्दै सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.९ :**

आ.व. २०८०।०८१ को विभिन्न मितिमा नगर कार्यपालिका र नगर प्रमुखबाट भएका योजना, बजेट तथा कार्यक्रम परिवर्तन एवं संशोधन र बजेट रकमान्तर समेतलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१० :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३ को २ मा उल्लेख भए बमोजिम यस रामग्राम नगरपालिका अर्न्तगतको न्यायिक समितिले गरेको हाल सम्मको कामको अनुमोदन गरियो ।

**निर्णय नं.११:**

रामग्राम नगरपालिकाको आगामी आ.व २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम, अनुसूचीहरु, बजेट तथा नीतिगत निर्णयहरुलाई पुस्तिकाको रुपमा लिपीबद्ध गरी प्रकाशन गर्ने निर्णय गरियो ।

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

CamScanner

**निर्णय नं.१२:**
आ.व. २०८०।०८१ मा विभिन्न मितिमा नगरपालिकाबाट संघ तथा प्रदेश सरकार संग समपुरक कोष तथा विशेष अनुदानबाट संचालन गर्ने गरी माग गरिएका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्दै आगामी आ.व.२०८१।०८२ मा थप योजना कार्यान्वयन गर्नका लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनको आधारमा नगरपालिकाले संघीय सरकार ,प्रदेश सरकार तथा अन्य निकायहरु संग समपूरक कोष ,विशेष अनुदान तथा अन्य स्रोतबाट प्राप्त हुने रकमबाट योजना एवं कार्यक्रम सञ्चालन गर्ने गरी योजना तथा कार्यक्रमहरु माग गर्नको लागि कार्यपालिकालाई निर्देशन तथा अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.१३:**
रामग्राम नगरपालिकाको रु. ३,००,०००।०० (अक्षेरुपी तीन लाख) सम्मका वडा तथा नगर स्तरीय योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन सम्वन्धित वडा समितिबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:**
यस नगरपालिकाको आ.व.२०७९।०८०को म.ले.प.को अन्तिम लेखा परिक्षण प्रतिवेदनले औंल्याएका बेरुजु तथा गत विगतका बेरुजु सम्परीक्षण गर्नका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५ :**
रामग्राम नगरपालिका कार्यालयको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मर्मत गर्दा पनि सुचारु रुपमा संचालन हुन नसक्ने भनी प्राप्त भएका खर्च भएर नजाने जिन्सी सामानहरु लिलाम तथा नियमनुसार मिन्हा गर्नुपर्ने भए मिन्हा गर्न नगरकार्यपालिकालाई निर्देशन तथा अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.१६:**
विभिन्न कार्यदलका प्राप्त प्रतिवेदनहरु, परामर्श सेवा मार्फत लिइएका सेवाहरुको प्राप्त प्रतिवेदनहरुलाई नगर सभाबाट सर्वसम्मत अनुमोदन गरियो ।

**निर्णय नं.१७:**
रामग्राम नगरपालिका र नेपाल सरकारले निर्धारण गरेका सडक मापदण्ड बमोजिमको सडक क्षेत्र भित्र अव्यवस्थित रुपमा निर्माण भएका तथा सार्वजनिक जग्गा,नदी उकास जग्गा एवं पर्ति जग्गामा निर्मित भौतिक संरचना तथा गैर कानुनी रुपमा निर्माण भएका जुनसुकै संरचना हटाई सडक विस्तार तथा अन्य विकास निर्माण कार्यको निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.१८:**
रामग्राम नगरपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली ,कार्यविधी र निर्देशिका बमोजिमका विभिन्न समिति उपसमिति,कार्यदलमारहने पदाधीकारी तथा कर्मचारीलाई नेपाल सरकार अर्थ मन्त्रालयले तोकेको नर्म्स र नगर कार्यपालिकाबाट भएको निर्णय बमोजिम अनुगमन तथा बैठक भत्ता उपलब्ध गराउन सर्वसम्मत पारित गरियो।

**निर्णय नं.१९:**
यस नगरपालिकामा सातौं नगर सभाबाट स्वीकृत दरबन्दी मध्ये स्थायी पदपूर्ति नभए सम्म सेवालाई प्रभावकारी र गुणस्तरिय बनाउनको लागि आवश्यक पर्ने जनशक्तीलाई मासिक पारिश्रमिक, १ महिनाको पारिश्रमिक बराबरको वार्षिक चाडपर्व खर्च र वार्षिक रु. १०,०००।०० पोशाक खर्चका साथै कार्य सम्पादनको आधार थप सेवा सुविधा समेत दिने गरी करारमा लिने र सातौं नगर सभाबाट स्वीकृत भएको कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनमा बजेट प्रयोजनका लागि उल्लेख भएका संख्याका कर्मचारीहरुलाई करार नभए सम्म कार्यालयको सेवा प्रवाहलाई शुचारु राख्न ज्यालादारीमा राखी कार्य संचालन गराउने । साथै हाल यस नगरपालिकाको मातहतमा रहेका वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रहरमा कार्यरत प्राविधिक जनशक्ति र कार्यालय सहयोगीको पद कुनै कारणवश रिक्त हुन आएमा सो पदहरुमा समेत नगरपालिकाको करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि अनुसार करार सेवामा जनशक्ति राख्न सकिनेछ र करारमा पदपूर्ति नहुँदा सम्म उक्त पदहरुमा दैनिक ज्यालादारीमा समेत राखी कार्य संचालन गर्ने निर्णय गरियो ।

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

| क.सं. | पद | संख्या | मासिक पारिश्रमिक (सेवा सुविधा) | कैफियत |
|---|---|---|---|---|
| | **कार्यालय तर्फ** | | | |
| १ | पशु चिकित्सक (अधिकृत स्तर छैठौ) | १ | अधिकृत स्तर छैठौ सरह | सशर्त अनुदान |
| २ | आई टि अफिसर (अधिकृत स्तर छैठौ) | १ | अधिकृत स्तर छैठौ सरह | संघीय अनुदान समेत |
| ३ | कृषि विकास अधिकृत (अधिकृत स्तर छैठौ) | १ | अधिकृत स्तर | सशर्त अनुदान समेत |
| ४ | कृषि तथा पशु प्रा (सहायक चौथो) | ३ | सहायक स्तर चौथो सरह | संघीय अनुदान समेत |
| ५ | एम आई एस अपरेटर (सहायक पाँचौ सरह) | २ | सहायक स्तर पाँचौ सरह | संघीय अनुदान समेत |
| ६ | फिल्ड सहायक (सहायक चौथो सरह) | १ | सहायक स्तर चौथो सरह | संघीय अनुदान समेत |
| ७ | कम्प्युटर अपरेटर | ३ | रु. २८७५०।०० | |
| ८ | सर्भेक्षक (सहायक पाँचौ) | १ | रु. २९,९००।०० | |
| ९ | अमिन | १ | रु. २७,६००।०० | |
| १० | हलुका सवारी चालक | ३ | रु. २७,६००।०० | |
| ११ | हेवी सवारी चालक | १ | रु. २३,०००।०० | |
| १२ | कार्यालय सहयोगी करार | १२ | रु. २३,०००।०० | |
| १३ | ट्रेक्टर चालक | २ | रु. २३,०००।०० | |
| १४ | कार्यालय सफाई कर्मी / कुचीकार | २ | रु. २३,०००।०० | |
| १५ | माली | १ | रु. २०,७००।०० | |
| १६ | ईलेक्ट्रिसियन | २ | रु. २३,०००।०० | |
| १७ | वरिष्ठनगर प्रहरी | १ | रु. २५,३००।०० | |
| १८ | नगर प्रहरी | १२ | रु. २३,०००।०० | |
| १९ | सामाजिक परिचालक ( कार्यालय तर्फ ) | १ | सहायक स्तर चौथो सरह | |
| २० | सामाजिक परिचालक ( वडा तर्फ ) | २ | रु.२९,५००।०० | |
| २१ | मेलमिलाप संयोजक | १ | रु. २९,९००।०० | |
| २२ | एम्बुलेन्स चालक | १ | रु. २३,०००।०० | |
| २२ | दमकल चालक | १ | रु. २३,०००।०० | |
| २२ | एक्साभेटर हेल्पर | १ | रु. २३,०००।०० | |
| २२ | ब्याक हो लोडर हेल्पर | १ | रु. २३,०००।०० | |
| | **स्वास्थ्य सेवातर्फ** | | | |
| १ | क्षयरोग मुक्त संयोजक | १ | अधिकृत स्तर छैठौ सरह | सशर्त अनुदान |
| २ | हे.अ.(सहायक पाँचौ) | ६ | रु. २८,७५०।०० | |
| ३ | अ.हे.अ.(सहायक चौथो) | ३ | रु.२३,०००।०० देखि सहायक स्तर चौथो सरह | |
| ४ | ल्याब टेक्निसियन(सहायक चौथो) | २ | सहायक स्तर चौथो सरह | |
| ५ | स्टाफनर्स (सहायक चौथो) | ६ | रु. २६,४५०।०० | |
| ६ | अ.न.मी (सहायक चौथो) | ४ | रु. १९,५५०।०० देखि रु.२५,३००।०० | |
| ७ | कार्यालय सहयोगी | १५ | रु. २०,७००।०० | |

सातौ नगर सभाबाट स्वीकृत भएको कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनमा बजेट प्रयोजनका लागि उल्लेख भएका संख्याका कर्मचारीहरुलाई करार नभए सम्म कार्यालयको सेवा प्रवाहलाई शुचारु राख्न ज्यालादारीमा राखी कार्य संचालन गराउने । साथै हाल यस नगरपालिकाको मातहतमा रहेका वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभूत

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

स्वास्थ्य केन्द्रहरूमा कार्यरत प्राविधिक जनशक्ति र कार्यालय सहयोगीको पद कुनै कारणवश रिक्त हुन आएमा सो पदहरूमा समेत नगरपालिकाको करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि अनुसार करार सेवामा जनशक्ति राख्न सकिनेछ र करारमा पदपूर्ति नहुदा सम्म उक्त पदहरूमा दैनिक ज्यालादारीमा समेत राखी कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:**

रामग्राम नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विकास निर्माण आयोजनाहरूमा २ देखि ४ प्रतिशतले हुन आउने रकम कन्टीन्जेन्सी वापत कट्टा गर्ने र सो रकम उक्त विकास निर्माण आयोजना सञ्चालन गर्दा खटिने कर्मचारीहरूको यातायात खर्च,बैठक खर्च, बोलपत्र मुल्यांकन खर्च, अनुगमन खर्च, योजना तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने सुरक्षाकर्मीको विविध खर्च, विस्तृत योजना प्रतिवेदन (DPR) खर्च, विकास आयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने मेशिनरी औजारहरु खरिद गर्न र कार्यालय सञ्चालन गर्ने कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णयनं.२१:** रामग्राम नगरपालिकाको आ.व. २०८०/०८१ को स्थानीय तहका स्थायी कर्मचारीहरूको तलबी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:**

प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना कार्यक्रम अन्तर्गत आ.व. २०८०।०८१ मा रोजगारीको हक सम्बन्धी नियमावली-२०७५ को दफा १४ बमोजीम गठीत स्थानीय निर्देशक समितिबाट गरिएका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्दै आगामि आ.व.२०८१।०८२ का लागी संघिय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनालाई कार्यान्वयन गर्न प्राप्त शसर्त बजेटलाई स्थानीय निर्देशक समितिको निर्णय बमोजिम आयोजना छनौट गरी कार्यान्वयन गर्न गराउन स्थानीय निर्देशक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं.२३:** शहरी शासकिय तथा क्षमता विकास कार्यक्रम अन्तर्गत प्राप्त भएको अनुदानको रकम खर्च सम्बन्धित निकायले तोकेको कार्यविधि मापदण्ड निर्देशिका बमोजिम (कार्यविधि मापदण्ड निर्देशिका नतोकेको अवस्थामा सम्बन्धित निकायको समन्वयमा) योजना तथा कार्यक्रम तयार गरी कार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:**

रामग्राम नगरपालिकाबाट संचालन भएका आयोजना तथा कार्यक्रमहरुको लागत अनुमान, ठेक्का मुल्याङ्कन प्रतिवेदन, ठेक्का सम्झौता, कार्य स्वीकार प्रतिवेदन, भुक्तानी लगाएतका प्राविधिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:**

रामग्राम नगरपालिकाले फोहोर व्यवस्थापनका लागि नगर क्षेत्रका सबै वडाहरुबाट निस्कने फोहोरलाई उचित तवरबाट व्यवस्थापन गर्ने र नगरपालिकाको आय संग जोड्न सक्ने आधुनिक प्रविधि भित्र्याई टोल विकास संस्था र अन्य निकायसँग समन्वय गरी कार्यान्वयन गर्न सक्ने निर्णय गरियो ।

**निर्णय नं.२६:**

रामग्राम नगरपालिकाको चौथो नगर सभामा पेश हुन आएका देहायका विधेयकहरु संशोधन पारित गर्ने निर्णय गरियो ।

क) रामग्राम नगरपालिकाको आर्थिक विधेयक, २०८१

ख) रामग्राम नगरपालिकाको विनियोजन विधेयक, २०८१

ग) रामग्राम नगरपालिकाको शिक्षा ऐन, २०७५ को तेस्रो संशोधनलाई संशोधन गर्न बनेको विधेयक २०८१

घ) रामग्राम नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक २०८१

ङ) सार्वजनिक खरिद नियमावली, २०७८ लाई संशोधन गर्न बनेको विधेयक २०८१

**निर्णय नं.२७**

रामग्राम नगरपालिका क्षेत्र भित्र पर्ने विभिन्न नदि (खोला) हरुमा रहेको नदिजन्य पदार्थ निकासीको लागि ठेक्का लाग्न नसकेको अवस्थमा हुन सक्ने चोरी निकासीलाई कम गर्न तथा यस नगर क्षेत्रका विकास निर्माणका कार्यमा समेत सहज पुऱ्याउन IEE प्रतिवेदनमा उल्लेख गरिएका क्षेत्र एवं परिमाण तथा बर्षायाममा थप हुन आएको परिमाणका कारण नदिको बहाव धुनिन गई वातावरणीय रुपमा विपद निम्तिन सक्ने हुँदा सो कुरालाई समेत आधार मानी प्रदेशको आर्थिक ऐनमा तोकिएको दरमा राजश्व लिई परिमाण किटान गरी नदीजन्य पदार्थको निकासीको अनुमति नगर प्रमुखस्तरको निर्णयबाट दिन सकिने निर्णय गरियो ।

**निर्णय नं.२८:**

आ.व.२०८१/०८२ मा संचालन गरिने विभिन्न योजना/कार्यक्रम एवं सेवा र परामर्श शिर्षकमा एकमुष्ठ रुपमा विनियोजित बजेट र चालु आ.व.२०८०/०८१ मा सम्पन्न हुन नसकी आ.व.२०८१/०८२ मा अल्या हुने योजना/कार्यक्रम एवं सेवा र परामर्श शीर्षकमा विनियोजित एकमुष्ठ बजेट अन्तर्गत छुट्टाछुट्टै कार्यक्रमहरु बनाई स्वीकृत गर्ने अधिकार नगर प्रमुखलाई दिने निर्णय गरियो ।

**निर्णय नं.२९:**

विद्यालयहरुको भौतिक पूर्वाधार सुधारका लागि विद्यालयको आवश्यकतामा आधारीत भौतिक सुविधा सहायता शिर्षकमा विनियोजित बजेटलाई विद्यालयको तत्कालिन आवस्यकता अनुसार विद्यालयगत विनियोजन गर्ने अधिकार नगर शिक्षा समितिलाई दिने निर्णय गरीयो । आ.ब. २०८०।०८१ मा यस सम्बन्धमा नगर शिक्षा समितिले गरेको निर्णयलाई अनुमोदन गरियो । साथै वि.व्य.स. गठन भएका विद्यालयहरुमा भौतिक निर्माण लगायतका कार्य गर्दा वि.व्य.स.ले उपभोक्ताको रुपमा कार्य गर्न सक्ने निर्णय गरीयो ।

**निर्णय नं.३०:**

नगर शिक्षा समितिको कोषमा विभिन्न शुल्कहरुबाट सञ्चीत भएको रकमलाई शिक्षा क्षेत्रको सुधारका लागि विभिन्न बैठक संचालन तथा शैक्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने अधिकार नगर शिक्षा समितिलाई दिने निर्णय गरियो ।

**निर्णय नं.३१:**

न्यायिक समितिको कार्य सम्पादनका लागि रामग्राम नगरपालिका न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७५ मा व्यवस्था भए बमोजिमको जनशक्ति कार्यालयबाट व्यवस्था भइ नसकेकोले आगामी आर्थिक वर्षको न्यायिक समिति तर्फ विनियोजित बजेटबाट समितिको सचिवालयमा कार्यरत सहायक कर्मचारीको पारिश्रमिकका लागि समेत बजेट बाडफाँड हुने गरि कार्यक्रम बनाई नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्य सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२:**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.ब २०८०।०८१ मा गरिबी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५२ बमोजिम गठीत उद्यम विकास समितिबाट गरिएका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्दै आगामि आ.ब.२०८१।०८२ का लागी संघीय सरकारबाट गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्न प्राप्त शर्सत बजेटलाई उद्यम विकास समितिको निर्णय बमोजिम आयोजना छनौट गरी कार्यान्वयन गर्न गराउन उद्यम विकास समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं.३३:**

तपसीलका ठेक्काहरुको पटक पटक ठेक्का गर्दा पनि ठेक्का नपरेको र मिति २०८१/०२/२४ गतेको दिन ठेक्का प्रकिया पुरा भई ठेक्का स्वीकृत भएकोमा उक्त ठेक्काको काम असार मसान्त सम्म सम्पन्न हुन नसक्ने भएकोले सो ठेक्काहरुको कार्य सम्पन्न गर्ने मिति २०८१ पौष मसान्त सम्म राखी सम्झौता गर्ने निर्णय गरियो ।

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

तपसिल :

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | मौज्दात |
|---|---|---|
| ८०५४७४०२१०१ रामग्राम नगरपालिका | | |
| १ | लाईन नं ३ को अधुरो कालो पत्रे कार्य वडा नं १८ | १६०००००. |
| २ | ड्राईभर टोल अधुरो सडक तथा नाला निर्माण वडा नं. ५ | १४५००००. |
| ३ | त्रिलोकपुरमा नाला निर्माण १६-अल्या (भु.बा.) | ३०२०७६. |
| ४ | खानेपानी टंकी निर्माण क्रमागत ( वडा नं १४ १७ र १८ ) (भु.बा.) | १२६०००००. |
| ५ | खानेपानी टंयाकी लक्ष्मीपुर रामग्राम-१० | ४७०००००. |

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | भुक्तानी दिन पर्ने |
|---|---|---|
| ८०५४७४०२१०१ रामग्राम नगरपालिका | | |
| १ | डिप बोरिङ्ग वडा नं ६ | २१०००००. |
| २ | सिचाई डिप बोरिङ्ग वडा नं १३ | १९२००००. |
| ३ | अधुरो फिटनेस पार्क वडा नं २ | २२०००००. |
| ४ | गर्भवती तथा सुत्केरी महिलाहरुलाई उपमेयर पोषण झोला वितरण कार्यक्रम | ३००००००. |
| ५ | भुसुनापुर / पत्थरदेवा गाँउमा नाला निर्माण वडा नं १४ | १२६००००. |
| ६ | वडा नं. १६ कार्यालय भवन निर्माण | २६०००००. |
| ७ | अमरौट गाँउमा नाला तथा ब्लक निर्माण वडा नं १४ | १३०००००. |
| ८ | वडा नं. १५ कार्यालय भवन निर्माण | २६०००००. |
| ९ | वनदेवी मन्दिर पार्क तथा सडक निर्माण वडा नं ११ | १३०००००. |
| ८०५४७४०२२०४ रामग्राम नगरपालिकावडा नं.४ | | |
| १ | डिप बोरिङ्गजीतपुर (नगरपालिकासँग ५० प्रतिशत थप लागत सहभागिता माग गर्ने) | १६५००००. |
| ८०५४७४०२२१३ रामग्राम नगरपालिकावडा नं.१३ | | |
| २ | सडक तथा नाला निर्माण बाटो स्तरउन्नी (नगरपालिकासँग ५८ प्रतिशत थप लागत सहभागिता माग ) | १४५००००. |

**निर्णय नं.३४:**

आ.व.२०८०।०८१ मा संचालन रहेका योजना तथा कार्यक्रमहरु आर्थिक अभावको प्रभाव तथा स्थानीय बजारमा निर्माण जन्य वस्तु लागायत अन्य प्रभावको कारण तोकिएको समय भित्र कार्य सम्पन्न नभएका कतिपय योजनाहरुमा उपभोक्ता समिति/निर्माण समिति/निर्माण व्यवसायी/परामर्शदाता/आपूर्तिकर्ता आदिसँग आवश्यक कागजात, कार्य सम्पन्न गर्ने समयतालिका सहितको प्रतिबद्धता, आवश्यक बैंक जमानत आदि लिई म्याद थप गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं.३५:**

रामग्राम न.पा.को आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक बजेट र कार्यक्रमलाई कार्यान्वय गर्ने हेतुले कार्यान्वयन कार्ययोजना बनाई लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६:**

बहु क्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत आगामि आ.व.२०८१।०८२ का लागी संघीय सरकार र स्थानीय श्रोतबाट विनियोजित बजेटको परिधीमा रही कार्यक्रम स्वीकृती गर्ने अख्तियारी कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

रामग्राम नगरपालिकाको कार्यालय
नगर कार्यपालिका
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

## निर्णय नं.३७

आ.व. २०८०।०८१ मा बजेट विनियोजन भएका योजना तथा कार्यक्रमहरु मध्ये सम्झौता भई संचालनमा रहेका तथा आर्थिक अभावका कारण अगाडी बढन नसकी सम्पन्न हुन नसकेका तथा सम्झौता नै हुन नसकि कार्यान्वयनमा नआएका योजना तथा कार्यक्रमहरुलाई आवश्यक म्याद थप गरी आ.व. २०८१।०८२ मा अल्या सार्ने सम्बन्धमा आवश्यक निर्णय लिन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | मौज्दात |
|---|---|---|
| ८०५४८७४०२१०१ रामग्राम नगरपालिका | | |
| १ | दुधरीका कोईरीको घर देखि सुरदशन केवटको घर सम्म सडक स्तरोन्नती | ३००००० |
| २ | लल्लन यादवको घर देखि रामसेवक मिश्रको घर सम्म सडक निर्माण वडा नं ७ | १०००००० |
| ३ | प्रदिप बेल्दारको घर देखी पूर्व सडक स्तरोन्नती वडा नं ७ | १०००००० |
| ४ | सामुदायिक खोप केन्द्र भवन निर्माण बड्गो | ३००००० |
| ५ | कलभर्ट निर्माण धरमपुर लाइन नं. ३ पश्चिम | / ५००००० |
| ६ | पंडितपुर अमर बहादुर घौ. घर पछाडी सडक ग्राभेल ( | २५०००० |
| ७ | रामग्राम २ मस्जिद टोलमा डिप बोरिंग जडान (अल्या) | ५००००० |
| ८ | रेडक्रस भवन व्यवस्थापन गर्ने कार्य रामग्राम १२ | ५००००० |
| ९ | सडक विद्युतीकरण गर्ने कार्य वडा नं ४ | १०००००० |
| १० | खेलकुद सामग्री खरिद तथा खेल कार्यक्रमका साथै मैदान व्यवस्थापन गर्ने वडा नं ४ | ५००००० |
| ११ | रानीपाकड चौरहामा बुद्ध मुर्ती निर्माण | ३८०००० |
| १२ | सन्तपुरमा नाला निर्माण वडा नं ९ | ३५०००० |
| १३ | अधुरो जनता आवास भवन निर्माण वडा नं १२ | ४२५००० |
| १४ | वडा कार्यालय माथि हल निर्माण वडा नं ११ | १०००००० |
| १५ | पण्डितपुर धर्मशाला निर्माण | ४००००० |
| १६ | हकुई हाट बजार व्यवस्थापन लागत सहभागिता प्रदेश सरकार वडा नं १६ | ५०००००० |
| १७ | वडा नं १ को वडा कार्यालय भवन बाँकी काम | १०००००० |
| १८ | कोटहीमाई मन्दिर जाने सडक स्तरोन्नती वडा नं ४ | ५००००० |
| १९ | लाईन नं ५ को सडक स्तरोन्नती वडा नं १८ | ८००००० |
| २० | बैरिहवा देखि चन्द्रगढी जाने सडक स्तरोन्नती वडा नं ४ | १०००००० |
| २१ | शिव प्र. चौधरीको घर देखी रामउग्र गुप्तको घर सम्म र भगउ गुप्ताको घर देखि सत्य नारायण चौधरीको घर सम्म पि.सि.सि ढलान | ९७५००० |
| २२ | सडक स्तरोन्नती गर्ने कार्य रामग्राम १६ | ६५५००० |
| २३ | महुवारी थारु टोल देखी चक्कर दाहा जाने अधुरो सडक स्तरोन्नती वडा नं १७ | ५००००० |
| २४ | मधवलिया पि सि सि ढलान वडा नं ९ | ३००००० |
| २५ | पुर्नहवा पोखरा देखि दक्षिण जाने सडक स्तरोन्नती वडा नं १७ | ४००००० |
| २६ | सडक स्तरोन्नती वडा नं.१ | १७०००० |
| २७ | कृषि बाटो रेखाङ्कन वडा नं ३ | ४००००० |
| २८ | डिप बोरिङ्ग वडा नं १० | ९२५००० |
| २९ | कुनवार खानेपानी पूर्वाधार व्यवस्थापन वडा नं. १२ | ६००००० |
| ३० | बैरिहवा खानेपानी पाइपलाइन बिस्तार | ५००००० |
| ३१ | रिटिनिङ्कवाल निर्माण मट्खन्ना पोखरी वडा नं ४ | ८००००० |
| ३२ | वडा नं. ३ कार्यालय भवन निर्माण | ३३३३००० |
| ३३ | देवगाव शिव मन्दिर तथा दुर्गा मन्दिर मर्मत र रंगरोदन गर्ने कार्य | २००००० |

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

**निर्णय नं.३८:**

यस नगरपालिका भित्रका योजना कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने निर्माण सामग्री र ढुवानीको दररेट, मेशीन तथा उपकरणको भाडा र कामदारको ज्याला सम्बन्धी दररेट नवलपरासी (ब.सु.प.) जिल्लाको दररेटलाई नै आधार मान्ने र जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट भन्दा फरक विषय क्षेत्रको दररेट आवश्यक परेमा रामग्राम नगरपालिकाको स्थानीय दररेट निर्धारण समितिले दररेट निर्धारण गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.३९:**

नगरपालिका आकष्मिक/आवश्यक पुर्वाधार निर्माण कार्यको बजेट व्यवस्थापन र संचालन गर्ने तथा न.पा. क्षेत्रका स्थानिय बासी र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगाएत विभिन्न संघ संस्थाबाट पुर्वाधार निर्माणको आवश्यकता महसुस भई गरिने कार्य तथा तत्काल निर्माण नगर्दा लागत बढ्ने प्रकृतिका रु. ५ लाख सम्मका आयोजना नगर प्रमुखबाट स्वीकृत गरी संचालन गर्ने अधिकार नगर प्रमुखलाई दिने निर्णय गरियो । साथै चालु आ.ब.मा संचालन रहेका तथा सम्पन्न भएका यस प्रकृतिका योजना तथा कार्यकमलाई अनुमोदन गरियो ।

**निर्णय नं.४०:**

नगर सभाको नीति कार्यक्रम, बजेटको तयारीका साथै नगरसभाको व्यवस्थापकीय कार्यमा कार्यालय समंयको अतिरिक्त समयमा समेत खटिएका खटाइएका कर्मचारीहरुलाई कार्यमा खटिएको अवधि अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारीसमा नगर प्रमुखको निर्णय अनुसार अधिकतम १ महिनाको पारीश्रमिक बराबरको अतिरिक्त सुविधा कर्मचारीको तलब भत्ता शीर्षकमा विनीयोजीत रकमबाट दिने निर्णय गरियो ।

**निर्णय नं.४१ :**

रामग्राम नगरपालिकाले हालसम्म भवन संहिता मापदण्ड बनाउन बाँकी रहेकाले नगरको मापदण्ड नवनेसम्म भवन विभागद्वारा जारी भवन निर्माण मापदण्ड अनुसार काम कारवाही अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.४२ :**

रामग्राम नगरक्षेत्रमा स्थापना भएका उद्योगहरुले बोरिंग जडान गर्दा सुख्खा मौसममा पानीको समस्या पर्न गएकोले नगरपालिकाको अनुमति लिनुपर्ने , अनुमति लिंदा उद्योगले वाटर रिचार्ज पोखरी अनिवार्य निर्माण गर्नुपर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.४३ :**

रामग्राम नगरपालिकाका योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालय व्यवस्थापन समिति, टोल विकास संस्था, अन्य व्यवस्थापन समिति , दर्ता भएका सम्बन्धित उपभोक्ता रहेका संघ संस्था मार्फत उपभोक्ता समितिले योजना कार्यान्वयन गरे सरह हुने गरी योजना सम्झौता गरि योजना कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं.४४:**

नगरपालिका भित्रका खानेपानी तथा सरसफाई उपभोक्ता समतिहरुलाई नियमन, व्यवस्थापन गर्नको लागि यस कार्यालयमा एउटा खानेपानी तथा सरसफाई ईकाई गठन गरी कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

स्थानीय सरकार रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

**निर्णय नं.४५ :**

रामग्राम नगरपालिका, नगर कार्यपालिका कार्यालय, कार्यपालिकाका पदाधिकारी र कर्मचारीहरु, कार्यपालिका अन्तर्गतका वडा कार्यालयहरु र वडा समितिका पदाधिकारी तथा कर्मचारीहरु, न्यायिक समिति तथा कानून बमोजिम गठित विभिन्न समितिका पदाधिकारीहरुका विरुद्ध सम्मानित जिल्ला अदालत, उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा तपसिलमा उल्लेख भए अनुसारको मुद्दाहरुमा नगरपालिकाको निर्णायानुसार बहस पैरवी, प्रतिउत्तर, लिखित जवाफ, लेखन तथा अन्य आवश्यक कानूनी कार्य को लागि एक जना कानूनी सल्लाहकारलाई अख्तियारी दिई उक्त सेवाहरु प्रदान गरेवापत तपसिल बमोजिमको मुद्दाहरुमा देहाय अनुसारको दररेटमा करकट्टी गरी परामर्श सेवा लिने निर्णय गरियो ।

| क्र. सं. | कामको विवरण | पटक | स्थान | | कैफियत |
|---|---|---|---|---|---|
| | | | नवलपरासी जिल्ला अदालत | उच्च अदालत तुल्सीपुर बुटवल इजलास | |
| १ | लिखित ज़वाफ र प्रतिउत्तर लेखेको | १ | ७,५००/- | ७,५००/- | |
| २ | बहस गरेको | १ | ७,५००/- | १२,५००/- | |
| ३ | बकपत्र गराएको | १ | ७,५००/- | ७,५००/- | |
| ४ | लिखित रुपमा कानूनी परामर्श दिएको | १ | १,५००/- | ० | |
| ५ | फिराद मुद्दा लेखेको | १ | ७,५००/- | १२,५००/- | |

**निर्णय नं.४६:**

रामग्राम नगरपालिकाको सातौं नगरसभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन को अनुसूची ७ को बजेट प्रयोजनका लागि दरबन्दी विवरणमा देहाय अुनसारका पदहरु थप गर्ने निर्णय गरियो ।

१६. एक्साभेटर चालक (श्रेणीविहीन) १ जना
१७. दमकल चालक (श्रेणीविहीन) १ जना
१८. एम्बुलेन्स चालक (श्रेणीविहीन) १ जना
१९ .एक्साभेटर हेल्पर (श्रेणीविहीन) १ जना
२०. ब्याक हो लोडर हेल्पर (श्रेणीविहीन) १ जना

**निर्णय नं ४७ :**

रामग्राम नगरपालिकाका कार्यक्षेत्र भित्र रही संचालित सहकारी संस्थाहरुको साविक विनियम रहेकोमा राज्य पुनःसरचना सँगै संस्थालाई संचालन गर्ने उद्येश्यले विनियम पुनःलेखन तथा संशोधन गर्नका लागि सहकारी संस्थाबाट स्वीकृतिको निवेदन पेश हुन आएमा प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट मातहतका सहकारीहरुको विनियम संशोधन तथा पुनःलेखनका लागि सम्वन्धित सहकारीहरुलाई स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं ४८ :**

नगरपालिका गठन पुर्व तथा स्थानिय तह पुनः संरचना हुँदा थप भएका क्षेत्रहरुमा निर्माण भएका घर टहरा तथा अन्य संरचनाहरुको नक्सा प्रमाणित गराउन आएमा तोकीएको दस्तुरमा नक्सा प्रमाणित गरि दिन र नगरपालिका गठन भएपछि बिना इजाजत भवन तथा संरचना निर्माण गरि नक्सा पास गराउन आएमा तोकिएको दस्तुरको दोब्बर दस्तुर लिइ घर नक्सा पास प्रमाणित गर्न सर्वसम्मत पारित गरियो । साथै आ.व.०८१।०८२ सम्ममा नगर क्षेत्र भित्र निर्माण सम्पन्न भएका तथा निर्माणाधिन अवश्थामा रहेका सम्पुर्ण संरचनाहरुको अभिलेखिकरण तयार गरी नक्सा नियमित गर्ने निर्णय गरियो ।

**निर्णय नं ४९ :**

रामग्राम क्षेत्र विकास कोष ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक,, २०८१ माथि छलफल गरी सर्वसम्मत स्वीकृत गरियो ।

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका